कार्यपालिका बैठक सख्या- ८ मिति:- २०८१।०९।२८

## निर्णयहरु

**निर्णय नं.१**- मिति २०८१।०८।२३ गतेको बैठक नं.७ का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो ।

**निर्णय नं.२**- आ.व. २०८०/०८१ मा सम्पादन गरीएका कामकारबाहीलाई व्यवस्थित योजनाबद्ध तथा प्रभावकारी गर्ने गरी गाउँपालिकाले सम्पादन गरेका कार्यहरुको स्वमूल्यांकन गर्ने परिपाटीको व्यवस्था रहेको छ । संस्थागत क्षमता स्वमूल्यांकन (LISA) कार्यविधिले देहायका क्षेत्रहरुमा देहायका अंक प्राप्त गर्ने व्यवस्था गरेको छ । उक्त क्षेत्रमा गाउँपालिकाले आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरु वापत तपसिल अनुसारको अंक प्राप्त भएकाले उक्त प्राप्ताअंकलाई अनुमोदन गरी प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विषयक्षेत्र | अंक भार | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ९ | १०० % |
| २ | संगठन तथा प्रशासन | ८ | ८ | १०० % |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १०.५ | ९५.४५ % |
| ४ | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | १०.७५ | ९७.७३ % |
| ५ | सेवा प्रवाह | १६ | १५.५ | ९६.८८ % |
| ६ | न्यायिक कार्य सम्पान | ७ | ७ | १०० % |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ | ८०.७७ % |
| ८ | सामाजिक समाबेशीकरण | १० | ९.५ | ९५ % |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ८.५ | ९४.४४ % |
| १० | सहकार्य र समन्वय | ६ | ६ | १०० % |
| जम्मा | | १०० | ९५.२५ | ९५.२५ % |

**निर्णय नं ३**- मिति २०८१।०९।२६ गतेको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र जाँचबुज समितिको निर्णय अनुसार विजयगनर गाउँपालिका वडा नं.२, लोहरौला स्थित श्री ए.एन.मल्ल बिल्डर्सलाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** :- प्रधानमन्त्री रोजगार कार्यक्रम संग गाउँपालिका वा वडा कार्यालय मार्फत साझेदारीमा संचालन हुने योजनाहरुमा सामाग्री खरिद र दक्ष कामदारहरुको भुक्तानी गा.पा. वा वडा बाटै हुने र अदक्ष कामदारहरुको ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भूक्तानी गरिने सम्बन्धी दर रेट विश्लेषण २०८१/०८२ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**:- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O&m Survey) आवधिक गर्ने गरी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलखेल संग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरियो ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष

आ.व.२०८१।०८२

## कार्यपालिका बैठक सख्या- ८

मितिः- २०८१।०९।२८

निर्णय नं.६ :-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | थारु कल्याणकारिणी सभा | विजयनगर गाउँपालिका कार्य समिति | भवन व्यवस्थापन बपत १ वटा साउण्ड मेसिन, ३० वटा पलाष्टिक कूर्चि र २ वटा टेलवल | जिन्सी शाखाबाट खरिद गरि उपलब्ध गराउने | मागमा आधारित साना पूर्वाधार कार्यक्रम तथा अनुदान सहयोग |
| २ | संदेश मण्डली | विजयगनर-१, जवावैराठ | क्रिसमस डे सेलिब्रेसन बापत | रु. २०,०००।- (विस हजार रुपैयाँ मात्र) | चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| ३ | संगम युवा क्लब | विजयनगर-३, पत्थरदेइया | क्रिकेट टुनामेन्ट आयोजनार्थ सहयोग | रु. २०,०००।- (विस हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| ४ | संगम आमा समुह | विजयनगर-४, त्रिपालनगर | नौमति पञ्चेबाजा खरिद | रु. २०,००००।- (दुई लाख रुपैयाँ मात्र) | विभिन्न सिप विकास तथा क्षमता विकासमुलक तालिम कार्यक्रम |
| ५ | सगरमाथा महिला समुह | विजयनगर-१, नयाँगाउँ | पञ्चेबाजा खरिद | रु. २०,००००।- (दुई लाख रुपैयाँ मात्र) | |
| ६ | ठकुरापुर प्रहरी चौकी | विजयनगर-५, ठकुरापुर | मोनोग्राम, प्रङ्गन तथा भवन मर्मत सहयोग | रु. ३०,०००।- (तिस हजार रुपैयाँ मात्र) | सुरक्षा निकाय सहयोग कार्यक्रम |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका